अहिलेकै अवस्थामा सय अर्बको निकासी सम्भव देखिँदैन

डा. रत्नाकर अधिकारी
व्यापारविज्ञ

व्यापारविज्ञको पहिचान बनाएका डा. रत्नाकर अधिकारी 'साउथ एसिया वाच अन ट्रेड, इकोनोमिक्स एन्ड इन्भाएरोमेन्ट' (सावती) का संस्थापक हुन् । अहिले सावतीका प्रमुख कार्यकारी निर्देशकका रूपमा काम गरिरहेका उनले यसअघि राष्ट्रिय योजना आयोगका सल्लाहकार, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी) को क्षेत्रीय केन्द्र कोलम्बोमा व्यापार कार्यक्रम विशेषज्ञका रूपमा काम गरेको अनुभव छ । उनी त्यसअघि तत्कालीन नेपाल इन्डोस्वेज बैंकमा प्रबन्धक थिए । केही समय त्रिभुवन विश्वविद्यालयअन्तर्गत सरस्वती क्याम्पसमा अध्यापनरत अधिकारी खासगरी विश्वव्यापार संगठनसंग सम्बन्धीत मुद्दामा विज्ञ मानिन्छन् । व्यापार, क्षेत्रीय आर्थिक सहयोग, प्रतिस्पर्धा नीति तथा बौद्धिक सम्पत्तिको अधिकारका सम्बन्धमा उनका धेरै लेख प्रकाशित छन् । युनिभर्सिटी अफ वारिकबाट 'पोलिटिकल इकोनोमी अफ एड फर ट्रेड' मा विद्यावारिधि गरेका उनले वर्ल्ड ट्रेड इन्स्टिच्युट, वर्न र दिल्ली स्कुल अफ इकोनोमिक्स, भारतबाट स्नातकोत्तर गरेका हुन् । डा. अधिकारीसँग नेपालको निर्यात र बहुपक्षीय व्यापार सम्झौताको पक्ष राष्ट्रका रूपमा लिन सकिने फाइदा, व्यापार विविधीकरणलगायतका विषयमा *कारोबार*ले गरेको कुराकानी :

- व्यापार सहजीकरणका सवालमा पनि हामी पछि परेको कारणले प्रतिस्पर्धात्मक रूपमा अन्तर्राष्ट्रिय स्तरमा वस्तु निर्यात गर्न सक्ने सम्भावना कमै देखिन्छ ।
- आयात र निर्यात दुवैमा व्यापार सहजीकरण हुनुपर्ने सामान्य सिद्धान्त हो । तर, अहिले आयातमा मात्र सहजीकरण भइरहेको छ ।
- एलडीसी भन्दैमा गोबर मिसिएको चामल किन्न भनेर विकसित देशलाई भन्न सकिँदैन । हामीकहाँ स्तर चाहिन्न भन्दैमा अरुले यसमा ध्यान दिँदैन भन्ने छैन ।
- व्यापार विविधीकरणमा मुख्यगरी वस्तु र बजारको विविधिकरणमा जोड दिनुपर्छ । नयाँ वस्तु र नयाँ बजारको पहिचान गर्दै जानुपर्छ ।

सरकारले यस वर्ष निर्यात व्यापार कम्तीमा १ सय अर्ब रुपैयाँबराबर पुऱ्याउने भनेको छ, यो लक्ष्य हासिल हुन सक्छ ?

यो वर्ष सय अर्ब रुपैयाँको निकासी हुने देखिँदैन । किनभने पछिल्लो वर्ष चीनसँग बाहेक हाम्रो बजार पहुँचमा त्यति धेरै वृद्धि भएको छैन । चीनले चार-पाँच महिना अघिमात्र ४ हजार ६ सय वस्तुमा दिँदै आएको शून्य भन्सार सहुलियत ७ हजार २ सय वस्तुमा पुऱ्याएको छ । त्यसपछि चीनतर्फको निकासी वृद्धि भएको भनिएको छ । तर, त्यो कत्तिको दिगो हो भन्ने प्रश्न छ । अहिले नै चीनतर्फ निकासी बढ्छ भनेर विश्लेषण गर्नु अलि चाँडो हुन्छ ।

अर्कातर्फ, हामीले भारतमा पाइरहेको बजार पहुँच तत्काले वृद्धि हुने देखिँदैन । विश्व व्यापार संगठनका छलफल प्रक्रियाबाट तत्कालै बजार पहुँच वृद्धि हुन्छ जस्तो लागेको छैन । तथापि हामी कम विकसित देशहरू (एलडीसी) लाई भन्साररहित, कोटारहित बजार पहुँच दिनुपर्छ र गैर-भन्सार अवरोधहरू कम गरिनुपर्छ भन्नेमा छौं । एलडीसीका लागि केही समयको पाबन्दी दिनुपर्छ र त्यो अवधिमा व्यापारका लागि सहायता (एड फर ट्रेड) दिएर भए पनि मानक (स्ट्यान्डर्ड) विकास गर्न सक्ने क्षमता अभिवृद्धि गर्नुपर्छ भनेर अन्तर्राष्ट्रिय तहमा लबिङ गर्न छाडेका छैनौं । एलडीसीको अध्यक्षता अहिले नेपालकै हातमा छ- 'बाली मिनिस्ट्रियल कन्फरेन्स' सम्ममा एलडीसीले पाउने सुविधामा पहल गरिनुपर्छ भन्नेमा पहल भइरहेको छ ।

नेपालले एलडीसीका रूपमा धेरै देशमा भन्सार र कोटारहित सुविधा पाइरहेको छ । हाम्रो मुख्य समस्या के हो ?

हाम्रो मुख्य समस्या भनेकै आपूर्ति क्षमता हो, आपूर्तिका लागि उत्पादनको सम्भाव्यता छ/छैन हेर्नुपर्छ । उत्पादन राष्ट्रिय/स्थानीय तहमा कति खपत र बचत हुन्छ, र निकासी गर्न सक्छौं भन्ने एउटा मुद्दा भयो । अर्को उत्पादन भएको वस्तुले अन्तर्राष्ट्रिय बजारमा कत्तिको प्रतिस्पर्धा गर्न सक्छ भन्ने अर्को पक्ष हो । दुवै पक्षमा हामी चुकेका छौं ।

आपूर्ति क्षमतामा हाम्रो उत्पादनको पर्याप्तताको कुरा आउँछ भने प्रतिस्पर्धात्मक क्षमतामा पनि हामी कमजोर छौं । हामीसँग पूर्वाधार छैन, पूर्वाधारमा सबैभन्दा ठूलो विद्युत् आपूर्ति र सडक सञ्जालको समस्या छ । त्यस्तै मानवीय पुँजीको समस्या छ । दक्ष र कम क्षमता भएका दुवै थरी जनशक्ति पलायन भइरहेका छन्, जसले गर्दा हाम्रो उत्पादन लागत बढिरहेको छ । प्रविधि तथा वित्तीय पहुँचमा पनि हामी कमजोर छौं । बैंकहरूले 'कस्ट अफ फन्ड' बढेको बेलामा ब्याजदर बढाउने तर घटेको बेलामा ब्याजदर नघटाउने गरेको पनि पाइएको छ । व्यापार सहजीकरणका सवालमा पनि हामी पछि परेको कारणले प्रतिस्पर्धात्मक रूपमा अन्तर्राष्ट्रिय स्तरमा वस्तु निर्यात गर्न सक्ने सम्भावना कमै देखिन्छ । प्रतिस्पर्धाको सवालमा पनि कोसँग प्रतिस्पर्धा गर्ने भन्ने प्रश्न आउँछ । हामीले बंगलादेश र कम्बोडियाजस्ता एलडीसीकै तहमा हेर्ने हो भने पनि हाम्रो प्रतिस्पर्धात्मक क्षमता त्यति राम्रो छैन ।

'बाली मिनिस्ट्रियल मिटिङ'का एजेन्डाहरूचाहिं के-के हुन्छन् ?

एलडीसीले 'भन्साररहित र कोटारहित बजार सुविधा' निर्बाध रूपमा पाउनुपर्छ भन्ने नै बाली मिनिस्ट्रियलका एजेन्डा हो । संयुक्त राज्य अमेरिकामा मात्र नेपालले भन्साररहित र कोटारहित बजार सुविधा नपाएको हो । हुन त जापानमा पनि पाएको छैन, तर जापानको बजार हाम्रो लागि ठूलो चासोको विषय होइन । अमेरिकी बजारले यदि त्यो सुविधा प्रदान गऱ्यो भने पनि हामीले निकासी गर्न सक्छौं भन्ने कुराको ग्यारेन्टी छैन । यहाँ श्रम समस्यादेखि विद्युत् अभावजस्ता गैर-उद्यमशील वातावरणले गर्दा उत्पादन बढाउन सकिने अवस्था छैन ।

अझ 'गैरभन्सार अवरोध' ठूलो समस्या हो । उत्पत्तिको प्रमाणपत्र र वस्तुको मानकजस्ता अवरोधहरू कम गर्न पहल गर्नुपर्छ भन्ने हाम्रो चासो हो । अर्को मुद्दा कृषिसँग सम्बन्धित छ । उदारीकरण गर्दा नेपालजस्ता खाद्यान्न आयात गर्ने देशहरूको हितलाई पनि हेर्नुपर्छ भन्ने मुद्दा उठाइएको छ । यससँगै 'कटन' को कुरा उठाइएको छ, यसमा खासगरी चाड, माली, बुर्किनाफासोलगायतका देशलाई महत्व दिएको हो ।

व्यापार सहजीकरण पनि अर्को मुद्दाका रूपमा रहेको छ । आयात र निर्यात दुवैमा व्यापार सहजीकरण हुनुपर्ने सामान्य सिद्धान्त हो । तर, अहिले आयातमा मात्र सहजीकरण भइरहेजस्तो देखियो । 'ग्लोबल भ्यालु चेन' (विश्वव्यापी मूल्य श्रृंखला) मा नेपालजस्ता एलडीसीले कसरी फाइदा लिन सक्छन् भन्ने कुरा उठिरहेको छ । यसका लागि व्यापार सहजीकरण हुनैपर्छ, तर आयात सहजीकरण मात्र होइन । यदि व्यापार सहजीकरणका लागि स्रोत आवश्यक पर्छ भने त्यो स्रोत उपलब्ध गराउने जिम्मा सन् २००४ को 'जुलाई मिनिस्ट्रियल कन्फरेन्स' बाट निर्णय भएको छ । त्यो निर्णयलाई अक्षरशः कार्यान्वयन गराउनुपर्छ भन्ने हो । 'जनरल एग्रिमेन्ट अन ट्रेड एन्ड सर्भिसेज' (ग्याट्स) को आर्टिकल ५ ले पारवहनको अधिकारसम्बन्धी कुरा गरेको छ, तर यसको कार्यान्वयनका लागि एलडीसी समूह अघि बढ्न सकेको छैन । एलडसीअन्तर्गत १८ भूपरिवेष्टित राष्ट्र पनि पर्छन् । ती सबै मिलेर आवाज उठाएको खण्डमा त्यो मुद्दाले साथ पाउन सक्ने अवस्था रहन्छ । अर्को, बौद्धिक सम्पत्तिसँग सम्बन्धीत व्यापार (ट्रिप्स) सम्झौताका सम्बन्धमा कुरा उठाइनेछ ।

पछिल्लो समय 'गैरभन्सार अवरोध' का पर्खालहरू अझै बढ्दै गएको जस्तो देखिन्छ, नेपालले विकसित देशबाट भएका मागअनुसारको मापदण्ड पूरा गर्न सक्छ त ?

एलडीसी भन्दैमा गोबर मिसिएको चामल किन्न भनेर विकसित देशलाई भन्न सकिँदैन । हामीकहाँ स्तर चाहिन्न भन्दैमा अरुले यसमा ध्यान दिँदैन भन्ने छैन नि ! त्यसैले उसले किन्दैन पनि । त्यो स्तरको सुधार गर्नका लागि व्यापारमा सहायता प्रदान गर्नुपर्छ । युरोपियन युनियन (इयु)ले युनिडोमार्फत खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको क्षमता विस्तार गर्न केही उपकरण प्रदान गरेको छ । तर, प्रयोगशालाको कामले अन्तर्राष्ट्रिय मान्यता पाउन (एक्रिडिटेसन) सकेको छैन । राज्यले तोकेको मानक त 'विश्वव्यापी मापदण्ड' सँग मिल्दाजुल्दा छन् । तर, निजी कम्पनीहरूले खोज्ने मानक त भन् कसरी पूरा गर्न सकिएला ? उनीहरूले माग गर्ने अवशेष विश्लेषण नै हाम्रो काबुबाहिर हुनसक्छ । यसकारण यसको राष्ट्रिय स्तर होस् भन्ने कुरामा डब्लुटीओमार्फत नै पहल गर्नुपर्छ भन्ने लाग्छ । त्यससम्बन्धमा डब्लुटीओमार्फत नै निर्णय गराउन सक्यौं भने फाइदाजनक हुन्छ । निश्चित स्तरमा हाम्रा वस्तुहरूको विकासका लागि व्यापारमा प्राप्त हुने सहायताको महत्वपूर्ण भूमिका हुन्छ ।

हामीले निर्यात व्यापार अभिवृद्धिका लागि एकीकृत व्यापार रणनीति (एनटीआईएस) मा सूचीकृत भएका वस्तुको निर्यात जति गुणा बढाए पनि व्यापारघाटा कम गर्न सहयोग नपुग्ने जस्तो देखिन्छ नि ।

सबैभन्दा पहिला त एनटीआईएसलाई गतिशील दस्तावेज बनाउनुपर्छ । सन् २००९ मा एनटीआईएस निर्माण गर्दा समावेश भएका वस्तुको अहिले पनि अन्तर्राष्ट्रिय बजारमा माग छ भन्ने हुँदैन, बजारको मागलाई हेरेर वस्तु उत्पादन गर्नुपर्छ । फेरि व्यापार घाटा कम गर्ने भनेको त निर्यात बढाएर नै हो । अहिले हामीकहाँ आयात भइरहेका वस्तु हेर्ने हो भने पेट्रोलियम पदार्थमात्रै पाँच महिनामा ४० अर्ब रुपैयाँको आयात भएको छ । सवारी साधन, मोटर पार्ट्स, सुनजस्ता वस्तुहरूको आयात उच्च देखिन्छ । मानिसहरूको खरिद क्षमता (पर्चेजिङ क्यापासिटी) बढेकाले आयात रोक्ने भन्ने कुरा आउँदैन । आयात रोक्न खोज्दा अनधिकृत व्यापार बढ्नेलगायतका विकृति आउने भएकाले व्यापार घाटा कम गर्न निर्यात बढाउनुपर्छ । निर्यात व्यापारमा विविधिकरण गर्नुपर्छ । अन्तर्राष्ट्रिय बजारको आवश्यकता हेरेर उच्च मूल्यका वस्तु उत्पादन र निकासीलाई प्राथमिकता दिनुपर्छ ।

निकासीलाई प्राथमिकता दिनका लागि उत्पादन बढाउनुपर्‍यो । मान्यताप्राप्त प्रयोगशाला देशभित्रै स्थापना गर्नुपर्‍यो । त्यसका लागि आवश्यक बजेट विनियोजन गर्नुपर्‍यो । वाणिज्य मन्त्रालयको एनटीआईएस कार्यक्रमका लागि सरकारले मुश्किलले वार्षिक ३ करोड रुपैयाँ विनियोजन गर्छ, जसले कुनै एउटा उत्पादनको विकासमा लगाउँ भन्दा पनि कम हुन्छ । अत्याधुनिक उपकरण खरिद गर्नका लागि सार्वजनिक खरिद ऐनको प्रक्रिया पुरा गर्दा गर्दै वर्षौं लाग्छ । त्यसकारण सरकारले वस्तु उत्पादनका लागि बजेट बढाउने र सार्वजनिक खरिद ऐनमा पनि पुनरावलोकन गर्न आवश्यक हुन्छ । एनटीआईएसमात्र होइन, सार्वजनिक खरिदको समस्याका कारण सरकारी तहबाट हुने धेरै कामहरुमा ढिलाई भइरहेको छ । सिंहदरबारमा सौर्य प्लान्ट जडान गर्ने भनिएको वर्षौं भयो, कार्यान्वयनमा आउन सकेको छैन । खरिद गर्न लाग्यो सार्वजनिक खरिदको जटिलताले त्यसलाई रोकिराख्छ । त्यसकारण सामान्य र सजिलै हुने काम पनि 'रकेट साइन्स' जस्तो बनाइएको छ ।

व्यापार अभिवृद्धिका लागि तत्कालका लागि अनुसन्धानका पक्षमा के गर्नुपर्छ ?

व्यापार विविधिकरणमा मुख्यगरी वस्तु र बजारको विविधिकरणमा जोड दिनुपर्छ । नयाँ वस्तु र नयाँ बजारको पहिचान गर्दै जानुपर्छ । कार्पेटका लागि अमेरिकी र गार्मेन्टका लागि युरोपको बजार नै खोज्नुपर्छ भन्ने बाध्यता छैन । चीन, भारत वा अन्य देशमा पनि बजार खोज्न सकिन्छ । त्यस्तै ती देशमा के वस्तुको माग छ भन्ने कुरा हेरेर, बजारको अवस्था बुझेर नयाँ वस्तुमा पनि ध्यान दिनुपर्छ । अहिलेसम्म हामी परम्परागत निकासीबाट माथि उठ्न सकेका छैनौं । नयाँ वस्तु र नयाँ बजारको खोजीबाट नै निर्यात अभिवृद्धि गर्न सकिन्छ ।

निर्यात व्यापार बढाउन व्यापारमा आउने सहायतलाई एकतृत गर्न सकिन्न ?

सकिन्छ । अहिले वाणिज्य मन्त्रालयले ट्रेड स्वापको अवधारणा अघि बढाएको छ । विगतमा व्यापारमा आएको सहायता सडक, जलविद्युत् लगायतका परियोजनामा खर्च गरिएको अवस्था थियो । ट्रेड स्वाप कार्यान्वयनमा आएपछि शिक्षामा र स्वास्थ्यमा जस्तै व्यापारमा आउने सहायता एउटै बास्केटबाट परिचालन हुन्छन् । हामीले कार्यक्रम देखाए दातृ निकायबाट सहायता माग्न पनि सक्छौं । तर, यसका लागि हामीले खर्च गर्ने क्षमता बढाउन आवश्यक छ । शिक्षा र स्वास्थ्यमा भएको खर्चको अनुभवले पनि ट्रेड स्वाप प्रभावकारी हुन्छ भन्ने लाग्छ । व्यापार सहायता परिचालनमा कम्बोडीयाको उदाहरण हामीले अनुसरण गर्न सक्छौं । ●

हामी कम विकसित देशहरू (एलडीसी) लाई भन्साररहित, कोटारहित बजार पहुँच दिनुपर्छ र गैर-भन्सार अवरोधहरू कम गरिनुपर्छ भन्नेमा छौं ।

उत्पादन, आपूर्ति र प्रतिष्पर्धा तीनै पक्षमा हामी चुकेकाले कोटा सुविधा पाए पनि निर्यात व्यापार बढाउन सकेका छैनौं ।

टीबीआई पब्लिकेसन्स प्रा.लि., ४९२ मध्यमार्ग, बुद्धनगर-१० काठमाडौं, नेपाल । द.नं. ५६/०६६/०६७ । फोन : ०१-४७८५०००, फ्याक्स : ०१-४७८५६६५, पोस्ट बक्स नं. १०४०७ । इमेल : mail@karobardaily.com । मुद्रक : समा प्रिन्टर्स प्रालि रोडु गाबिस, ललितपुर । अध्यक्ष: भवन भट्ट, प्रबन्ध निर्देशक/प्रबन्ध सम्पादक: शिशिर भट्ट, प्रधान सम्पादक: प्रतीक प्रधान
TBI Publications Pvt. Ltd., 492 Madhyamarga, Buddhanagar - 10 Kathmandu, Nepal. Regd. 56/066/067. Tel.: +97714785000, Fax: +97714785665, P.O. Box: 10407, Printed at : Sama Printers. Chairman: Bhaban Bhatta, Managing Director/ Managing Editor: Shisheer Bhatta, Editor-in-Chief : Prateek Pradhan